चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६,९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

## औद्योगिक प्रदर्शनीमा सहभागी हुने सम्बन्धी सूचना ।

(प्रकाशित मितिः २०८१/१०/२८ गते)

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, रुकुम (पश्चिम) को मिति २०८१/१०/२४ गते प्रकाशित सूचना अनुसार उक्त कार्यालयको आयोजनामा मिति २०८१ फागुन १६ र १७ गते मुसीकोट नगरपालिका-०१ बाल मन्दिर, रुकुम (पश्चिम) मा यस जिल्लाभित्र दर्ता भई सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्यमीहरूको औद्योगिक प्रदर्शनी गर्ने कार्यक्रम रहेकोले यस चौरजहारी नगरपालिकाभित्र सञ्चालनमा रहेका तपसिल बमोजिम योग्यता पुगेका उद्यमीहरूले मिति २०८१ साल फागुन ०८ गते कार्यालय समयभित्र आवश्यक कागजातहरू सहित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू**

१. औद्योगिक प्रदर्शनीमा प्रदर्शन गर्ने सामान खुल्ने गरी निवेदन
२. सम्बन्धित उद्यमीको पासपोर्ट साईजको फोटो २ प्रति
३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
४. उद्योग दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
५. आर्थिक वर्ष २०८०/०८१ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि
६. उद्योग सम्बन्धी अन्य आवश्यक कागजातहरू

**नोटः उत्कृष्ट हुने उद्यमीहरूलाई देहाय बमोजिम पुरस्कारको व्यवस्था गरिएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।**

(क)प्रथम पुरस्कार रू.२००००/०
(ख)प्रथम पुरस्कार रू.१००००/०
(ग) प्रथम पुरस्कार रू.७०००/०
(घ) सम्मानपत्र

**थप जानकारीका लागि सम्पर्क नम्बरः** उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय रुकुम (पश्चिम) ०८८-५३०३१२/ ९८५७८५३३७८/ ९८४६५७२३८७

२०८१/१०/२८
....................
शेरप्रसाद ढकाल
नि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner